# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३
चलानी नं:- ५२६

मितिः २०८२/०८/१४

**श्री माध्यमिक तथा आधारभूत विद्यालयहरू (सामुदायिक तथा संस्थागत) सबै,**
**विहादी गाउँपालिका, पर्वत ।**

**विषयः चौथो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्वन्धमा ।**

प्रस्तुत विषयमा विहादी गाउँकार्यपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमानुसार शैक्षिक सत्र २०८२ को राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पुर्ण सामुदायिक तथा संस्थागत माध्यमिक र आधारभूत विद्यालयहरूलाई अनिवार्य सहभागिताका लागि अनुरोध छ।

**तपसिलः**

१. प्रतियोगिता सञ्चालन हुने मिति, समय र स्थानः

क) मितिः २०८२/०८/१८ देखी २०८२/०८/२०सम्म ।

ख) समयः विहान ८:००बजे (मिति २०८२/०८/१८ गते विहान ११:०० बजे कार्यक्रम उद्‌घाटन)

ग) स्थानः सापचौर खेलमैदान, विहादी-०४, पर्वत ।

२. प्रतियोगितामा समावेश हुने खेलहरु

अ) भलिवलः (छात्र/छात्रा)

आ)कबड्डी (छात्र/छात्रा)

इ) एथलेटिक्स तर्फः

क) ट्र्याक तर्फ

- दौडः १०० मि., २०० मि., ४००मि,८०० मि ,१५०० मि. र ३००० मि., (छात्र/छात्रा )
- रिले : ४*१०० तथा ४*४०० मि. (छात्र/छात्रा )

ख) फिल्ड तर्फ

- हाईजम्प (छात्र/छात्रा)
- लङजम्प (छात्र/छात्रा )
- त्रिपलजम्प (छात्र/छात्रा )
- ज्याभलिन थ्रो (छात्र ८०० ग्राम तथा छात्रा ६०० ग्राम)
- सटफुट (छात्र १२ पाउण्ड तथा छात्रा ८ पाउण्ड)

...बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

क) ट्र्याक तर्फ

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com

३. प्रतियोगिताका नियमहरुः

- ✓ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (संसोधनसहित) वमोजिम अंक प्रदान गर्ने र प्रतियोगिता सञ्चालन गरिनेछ ।
- ✓ खेलाडी चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेको, IEMIS मा प्रविष्ट भएको र १८ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।
- ✓ प्रतियोगितामा सहभागी हुन सम्वन्धित विद्यालयले अनुसुची-१ बमोजिमको फाराम खेलाडी विद्यार्थीवाट भराई सम्वन्धित विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र, IEMIS ID Number र विद्यार्थीपरिचय पत्र सहित मिति २०८२/०८/१५ गते कार्यालय समयसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।
- ✓ निर्धारित समय भित्र विद्यालयले खेलाडीहरुलाई अनिवार्य उपस्थित गराउनु पर्नेछ ,अन्यथा खेलमा सहभागी गराउन आयोजक बाध्य हुने छैन ।
- ✓ एथलेटिक्स विधातर्फ प्रत्येक खेलाडी विद्यार्थीले १ ट्र्याक २ फिल्ड वा २ ट्र्याक १ फिल्डमा सहभागी हुन पाईने छ।
- ✓ भलिवल तथा कबड्डी खेल तर्फ बढीमा ९/९ जनासम्म खेलाडीहरू (छात्र/छात्रा) सहभागी हुन सक्नेछन् ।
- ✓ प्रतियोगितामा कुनै विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।
- ✓ अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा पदक विजेता खेलाडी सहभागी गराउन पाईने छैन।
- ✓ प्रतियोगितामा कुनै कारणवश मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ। मापदण्ड वाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजकले अनुशासनको कारवाही स्वरूप वाँकी सबै ईभेन्ट्समा सहभागी गराउने छैन। (टिम गेमको हकमा पनि सोही नियम लागू हुनेछ।)
- ✓ भलिवल खेल नकआउटको आधारमा र अन्य खेल एथलेटिक्स संघको नियमानुसार खेलाईनेछ ।
- ✓ विद्यार्थीको वैधताको विषयमा कुनै विवाद उत्पन्न भएमा सम्वन्धित विद्यालयको प्रधानाध्यापक नै जवाफदेही हुनुपर्नेछ ।
- ✓ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा समग्र पदकका आधारमा प्रथम, द्बितिय र तृतीय हुने विद्यालयहरूलाई रनिङ्ग शिल्ड, मेडल र प्रमाणपत्रद्वारा सम्मान गरिने छ।
- ✓ प्रतियोगितामा सहभागी हुने खेलाडी विद्यार्थीलाई खेल पोशाक तथा जुत्ता अनिवार्य हुनेछ ।
- ✓ पदकमा समावेश हुनका लागि तोकिएका खेलहरूमध्ये कम्तिमा ४ वटा विद्यालय सहभागी हुनुपर्नेछ । अन्यथा त्यसलाई पदकमा समावेश नगरी छनौटका लागि मात्र खेल खेलाईनेछ।

..............................
थमन बहादुर रेशमी
(प्रमुख प्रशासकीय अधिकृत)

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३
चलानी नं.-

**अनुसूची-१**
**(दफा ९ को उपदफा (१) र (६), दफा (१२) को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्वन्धित)**

**<u>प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फाराम</u>**

१. सहभागी विद्यार्थीको नामः

२. विद्यालयको नाम र ठेगानाः

फोटो

३. अध्ययनरत कक्षाः

४. IEMIS ID Number:

५. जन्ममितिः

६. सहभागी हुने खेल

७. सहभागी हुने विद्यार्थीको हस्ताक्षर

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने,

प्रधानाध्यापकको नाम र थरः

विद्यालयको छापः

हस्ताक्षरः

मितिः

मोवाईल नं.